# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १) माकादुम, रामेछाप, साउन १ गते, २०७४ साल (संख्या ६

## भाग १

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०७४ सालको ऐन नं. १

### खाँडादेवी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

खाँडादेवी गाउँपालिका

**प्रस्तावनाः**

खाँडादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधार (२) बमोजिम खाँडादेवी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "खाँडादेवी गाउँपालिकाको आर्थिक ऐन, २०७४" रहेको छ ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/ घरजग्गा कर लगाईने र असुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**ः गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) कर लगाइने र असूल उपर गरिनेछ ।

४. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश

खाँडादेवी गाउँपालिका

कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **बहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधानलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोडङ्ग, बन्जी, जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोडङ्ग, बन्जी, जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (१०) बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पूर्वधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१४. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१५. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची -१
### (दफा २ सँग सम्बन्धित)
### गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकीकृत सम्पति करको बार्षिक दर

**१. घरजग्गा करः**

**घरजग्गाको मूल्य करको दर**

| कर योग्य एकिकृत सम्पत्तिको मुल्य | करको दर (वार्षक) |
|---|---|
| पहिलो दश लाख रुपैयाँ सम्म | रु. १००।- |
| त्यसपछिको रु. १० लाख सम्म | रु. ३००।- |
| त्यसपछिको रु. ३० लाख सम्म | रु. ०.०५।- प्रतिशत |
| त्यसपछिको रु. ५० लाख सम्म | रु. ०.२५।- प्रतिशत |
| त्यसपछिको रु. १ लाख सम्म | रु. ०.५०।- प्रतिशत |
| त्यसपछिको बाँकी रकममा | रु. १.५०।- प्रतिशत |

छायाँदेवी गाउँपालिका

## २. घरजग्गाको मूल्याङ्कन गर्ने तरिका

१. घरजग्गामा कर लाग्ने क्षेत्रहरुको लागि घरको बनोटको बर्गिकरण र मूल्याङ्कन देहाय बमोजिम हुनेछः-

**(क) घरको बनोटको वर्गिकरणः**

(१) भित्र काँचो बाहिर ईटमा माटोको जोडाई भएका सबै किसिमका घर र काठकाठबाट बनेका घर ।

(२) भित्र बाहिर पाको ईट वा ढंगामा माटोको जोडाई भएका सबै किसिमका घर ।

(३) भित्रबाहिर पाको ईटमा सिमेण्ट वा बज्रको जोडाई भएका सबै किसिमका घर ।

(४) आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर ।

(ख) घरको मूल्याङ्कन

| घरको बनोट | औषत लागत दर प्रति वर्गफुट | प्रतिवर्ष टुटफुट कट्टि दर प्रतिशत | प्रतिशत जम्मा वर्ष |
|---|---|---|---|
| प्रकरण २(१) (क) (१) बमोजिमको घर | रु.४५०।- | ३.०० | २५ |
| प्रकरण २(१)(क) (२) बमोजिमको घर | रु.५३५।- | २.०० | ३० |
| प्रकरण २(१)(क) (३) बमोजिमको घर | रु.५७५।- | १.०० | ७० |
| प्रकरण २(१)(क) (४) बमोजिमको घर | रु.६३५।- | ०.७५ | १०० |

(ग) काचो ईट वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस, छ्वाली, खर, पसाल र साधारण टीनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन ।

(घ) सिनेमाहलहरुको भवनको अघिल्लो भाग (मुख्य अडिटोरियम) को मूल्याङ्कन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मूल्याङ्कन गरिनेछ ।

(२) घरजग्गामा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्याङ्कन गर्दा सोको प्रयोजनको निमित्त गठन स्थानीय समितिले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम जग्गाको मूल्याङ्कन गरिनेछ ।

## अनुसूची -२
## (दफा ३ सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने भूमि कर (मालपोत) को दर

| सि.नं. | वर्ग | न्युनतम ५ रोपनी सम्मको रकम | | थप प्रति रोपनी रकम | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| १. | अब्बल | रु. २५।- | रु. १५।- | रु. ५।- | रु. ४।- |
| २. | दोयम | रु. २०।- | रु. १०।- | रु. ४।- | रु. ३।- |
| ३. | सिम | रु. १५।- | रु. ५।- | रु. ३।- | रु. २।- |
| ४. | चाहार | रु. १०।- | रु. ३।- | रु. २।- | रु. १।- |



खाँडादेवी गाउँपालिका

## अनुसूची -३

## (दफा ४ सँग सम्बन्धित)

## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## घर बहाल कर को दर

१. आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा, वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहालको रकमको बढीमा दुई प्रतिशतससम्म ।

२. आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफुट मासिक बहाल विरौट साविक माकादुम गा.वि.स. साविक खाँडादेवी गाउँ विकास समिति अन्तर्गतको गाल्पा बजार र साविक भिरपानी गाउँ विकास समिति अन्तर्गतको सित्खा बजारमा रु. पाचँ र बाँकी राकाथुम, मझुवा, भिरपानी, पकरवास, खाँडादेवी, गागलभदौरे र पिङ्खुरीमा दुई रुपैयाँ मात्र ।

## अनुसूची -४

## (दफा ५ सँग सम्बन्धित)

## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## व्यवसाय करको वार्षिक दर

**१. व्यापारिक वस्तुः**

क) चुरोट, रक्सी, ज्वेलरी (सुनका जलप लगाएका गरगहना समेत) भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर आदिको थोक तथा खुद्रा व्यापारमा रु. ७५०।- (सात सय पचार रुपैयाँ) ।

ख) निर्माण सामग्री, कम्प्युटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुका थोक तथा खुद्रा व्यापारमा रु. ५००।- (पाँच सय रुपैयाँ)

ग) दैनिक उपभोगका खाद्य पदार्थ, सुती कपडा आदिको थोक तथा खुद्रा व्यापारमा रु. ५०० ।- (पाँच सय रुपैयाँ)

**२. विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवाः**

| विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा | वार्षिक करको दर |
|---|---|
| क) चिकित्सक | रु. ५००।- |
| ख) कविराज | रु. ५००।- |
| ग) इन्जिनियर | रु. ५००।- |
| घ) कानून व्यवसायी | रु. ५००।- |
| ङ) लेखा परीक्षक | रु. ५००।- |
| च) दन्त चिकित्सक | रु. ५००।- |
| छ) अनुसन्धानकर्ता तथा परामरस दाता | रु. ५००।- |
| ज) कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | रु. ५००।- |
| झ) विमा एजेन्ट | रु. ५००।- |
| ञ) सर्भेयर | रु. ५००।- |
| ट) अनुवादक | रु. ५००।- |
| ठ) पशु चिकित्सक | रु. ५००।- |
| ड) शेयर दलाल | रु. ५००।- |
| ढ) सामान ढुवानीकर्ता तथा कम्पनी | रु. ७५०।- |
| ण) संस्थागत पेण्टर | रु. ५,०००।- |
| त) सुर्तीजन्य पदार्थ | रु. २,०००।- |
| थ) निर्माण सामग्री | रु. १,५००।- |
| द) पेट्रोलजन्य सामग्री | रु. २,५००।- |
| ध) कम्प्युटर, टेलिभिजन सेवा | रु. १,०००।- |

**३. निर्माण व्यवसायः**

गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा रु. २,०००।- (दुई हजार रुपैयाँ)

**४. उत्पादन मुलक उद्योगः**

कोरा माल वा खेर गईरहेको माल समानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा रु. २,०००।- (दुई हजार रुपैयाँ)

**५. उर्जामुलक उद्योगः**

जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा रु. २,०००।- (दुई हजार रुपैयाँ)

**६. कृषि तथा वनजन्य उद्योगः**

मूलतः कृषि वा वन पैदावरमा आधारित उद्योग व्यवसायमा रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ)

**७. खनिज उद्योगः**

खनीज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ)

**८. पर्यटन उद्योगः**

पर्यटन, आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर ऱ्याफ्टिङ, पदयात्रा, हटएयर व्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अश्वारोहण आदि उद्योग व्यवसायमा रु. १,०००।- (एक हजार रुपैयाँ)

**९. सेवा उद्योगः**

छापाखाना, परामर्श सेवा जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा रु. ४००।- (चार सय रुपैयाँ)

**१०. निर्माण उद्योगः**

सडक, पुल, रोपवे, ट्रलिवस, टनेल, फ्लाइङ वृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा रु. १,०००।- (एक हजार रुपैयाँ)

**११. संचार सेवाः**

क) निजी क्षेत्रको हुलाक सेवामा रु. ४००।- (चार सय रुपैयाँ मात्र)

ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोबाइल फोन, आइएसडि, एसटीडी, इमेल, इन्टरनेट, रेडियो पेजिङ आदीमा रु. ४००।- (चार सय मात्र)

ग) कुरियर सेवा रु. ४००।- (चार सय मात्र)

**१२. वित्तीय सेवाः**

| वित्तीय सेवा | करको दर (वार्षिक) |
|---|---|
| क) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक | रु. १०,०००।- (दश हजार रुपैयाँ) |
| ख) आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | रु. ७,०००।- (सात हजार रुपैयाँ) |
| ग) वित्तीय कम्पनी शाखा कार्यालय | रु. २,०००।- (दुई हजार रुपैयाँ) |
| घ) विमा कम्पनी | रु. ७,०००।- (सात हजार रुपैयाँ) |
| ङ) विदेशी मुद्रा सटही | रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ) |

खाँडादेवी गाउँपालिका

| | |
|---|---|
| च) धितोपत्र कारोबार | रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ) |
| छ) सहकारी बैंक | रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ) |
| ज) बचत ऋण तथा सहकारी संस्था | रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ) |

**१३. स्वास्थ्य सेवाः**

| **स्वास्थ्य सेवा** | **करको दर (वार्षिक)** |
|---|---|
| क) गैरसरकारी अस्पताल | रु. २,०००।- (दुई हजार रुपैयाँ) |
| ख) नर्सिङ्ग होम | रु. ३,०००।- (तीन हजार रुपैयाँ) |
| ग) ल्किनिक तथा ल्याब | रु. १,०००।- (एक हजार रुपैयाँ) |

**१४. शिक्षा सेवा**

| **शिक्षा सेवा** | **करको दर (वार्षिक)** |
|---|---|
| क) निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय | रु. ५,०००।- (पाँच हजार रुपैयाँ) |
| ख) तालीम तथा अनुसन्धान केन्द्र | रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ) |
| ग) टाईपिङ्ग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ) |
| घ) अन्तराष्ट्रिय गैर सरकारी संस्था | रु. २,५००।- (दुई हजार पाँच सय रुपैयाँ) |

**१५. मर्मत संभार सेवा**

| मर्मत संभार सेवा | करको दर (वार्षिक) |
|---|---|
| क) हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटर साईकल, टेम्पो मर्मत कारखाना | रु. १,०००।- (एक हजार रुपैयाँ) |
| ख) साइकल मर्मत कारखाना | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| ग) रेडियो, टि.भी. घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत सामग्री मर्मत केन्द्र | रु. ५००।- (पाँच सय रुपैयाँ) |

**१६. अन्य सेवाः**

| अन्य सेवा | करको दर (वार्षिक) |
|---|---|
| क) वैदेशिक रोजगार सेवा | रु. १,०००।- (एक हजार रुपैयाँ) |
| ख) स्वदेशी रोजगार सेवा | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| ग) सेक्रेटरियल सेवा | रु. १०००।- (एक हजार रुपैयाँ) |
| घ) हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद विक्रि (रियल स्टेट) | रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ) |
| ङ) व्यटी पार्लर, केश श्रृगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| च) साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| छ) पशु बधशाला | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| ज) मासु विक्रेता | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| झ) फुल र विरुवा विक्रेता | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| ञ) पुल हाउस | रु. ५००।- (पाँच सय रुपैयाँ) |

खाँडादेवी गाउँपालिका

| | |
|---|---|
| ट) खोटो व्यवसायी | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| ठ) भाँडाकुँडा विक्रेता | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| ड) स्टल, काठ, फर्निचर विक्रेता | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| ढ) खेलौना, उपहार (गिफ्ट) विक्रेता | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| ण) केवुल, नेटवर्किङ्ग | रु. १,०००।- (एक हजार रुपैयाँ) |

**१७. अन्य व्यवसाय**

| अन्य व्यवसाय सेवा | करको दर (वार्षिक) |
|---|---|
| क) पार्क, पिकनिकस्पट | रु. ८००।- (आठ सय रुपैयाँ) |
| ख) क्यासिनो | चलाउन नपाउने |
| ग) टुर अपरेटर | रु. २,५००।- (दुई हजार पाँच सय रुपैयाँ) |
| घ) मसाज पार्लर | रु. १,०००।- (एक हजार रुपैयाँ) |

**१८. अस्थायी हाट बजार वा घुम्ती पसलः**

यस अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अस्थायी हाटबजारमा वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय करः

| | |
|---|---|
| १. घुम्ती (मोवाईल) पसल, खुन्चा समेतमा | रु. २०।- (विस रुपैयाँ) |
| २. चौपाया प्रति गोटा | रु. २०।- (विस रुपैयाँ) |
| ३. हाँस कुखुरा आदि प्रति | रु. ५।- (पाँच रुपैयाँ) |
| ४. साग सब्जी र फलफुल पसल | रु. ५।- (पाँच रुपैयाँ) |
| ५. अन्य | रु. ५।- (पाँच रुपैयाँ) |

१९. माथिको बर्गिकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोबार र स्तर हेरी वार्षिक रु. २००।- (दुई सय रुपैयाँ)



खाँडादेवी गाउँपालिका

## अनुसूची-५

### (दफा ६ सँग सम्बन्धित)

### गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी करको वार्षिक दर

### सवारी दर्ता तथा वार्षिक सावरी करः

| सवारी दर्ता तथा वार्षिक सावरी कर | करको दर (वार्षिक) |
|---|---|
| १. बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | रु. १०००।- (एक हजार रुपैयाँ) |
| २. भाडाका कार, जीपमा | रु. २००।- (दुई सय रुपैयाँ) |
| ३. भाडाको टेम्पोमा | रु. १००।- (एक सय रुपैयाँ) |
| ४. भाडाको मिनीबसमा | रु. ५००।- (पाँच सय रुपैयाँ) |
| ५. निजी कार, टेम्पो, मिनिबस | रु. १००।- (एक सय रुपैयाँ) |
| ६. स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | रु. ५०।- (पचास रुपैयाँ) |
| ७. ठलागाडा तथा रिक्सामा | रु. १५।- (पन्ध्र रुपैयाँ) |

द्रष्टव्यः एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक कर लिन पाउने छैन ।

खाँदबारी गाउँपालिका

## अनुसूची-६
### (दफा ७ सँग सम्बन्धित)
### गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन करको दर

| क्र.स. | विज्ञापनको प्रकृति | करको दर |
|---|---|---|
| १. | गाडीमा सामान बोकी विज्ञापन गर्ने (प्रतिपटक) | रु. १००।- (एक सय रुपैयाँ) |
| २. | स्टल राखी विज्ञापन गर्ने | रु. १००।- (एक सय रुपैयाँ) |
| ३. | कन्सर्ट (प्रतिपटक) | रु. २००।- (दुई सय रुपैयाँ) |
| ४. | तुल व्यानर राखी विज्ञापन (प्रतिपटक) | रु. २००।- (दुई सय रुपैयाँ) |

## अनुसूची-७
### (दफा ८ सँग सम्बन्धित)
### गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मनोरन्जन करको दर

१. सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रर्दशनहल, थियटर सङगीत, मनोरन्जन प्रर्दशन स्थल, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्कमा दुई प्रतिशत कर लाग्ने छ ।

तर, ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाईने छैन ।

२. जादु, सर्कस, चटक आदीमा प्रति दिन २००।- (दुईसय रुपैयाँ) कर लिईनेछ ।

## अनुसूची-८
## (दफा ९ सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल बिटौरी शुल्कको दर

१. आप्नो क्षेत्र भित्र आफूले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अवस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफुट मासिक बहाल विरौटी साविक माकादुम गा.वि.स. साविक खाँडादेवी गाउँ विकास समिति अन्तर्गतको गाल्पा बजार र साविक भिरपानी गाउँ विकास समिति अन्तर्गतको शित्खा बजारमा रु. पाँच र बाँकी राकाथुम, मझुवा, भिरपानी, पकरबास, खाँडादेवी, गागलभदौरे, पिङ्खुरीमा दुई रुपैयाँ मात्र ।

## अनुसूची-९
## (दफा १० सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन पार्किङ शुल्कको दर

| क्र.स. | सवारी साधन | करको दर |
|---|---|---|
| १. | बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | रु. ५०।- (पचास रुपैयाँ) |
| २. | कार, जीप, टेम्पो मिनिबस | रु. २५।- (पच्चिस रुपैयाँ) |
| ३. | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | रु. १०।- (दश रुपैयाँ) |

खाँडादेवी गाउँपालिका

## अनुसूची-१०
### (दफा ११ सँग सम्बन्धित)
### गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन
### ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्यालायर र ऱ्याफ्टिङ्ग शुल्कको वार्षिक दर

१. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्यालायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गर्ने संस्थाबाट वार्षिक ५००।- (पाँच सय रुपैया) लिइनेछ ।

## अनुसूची-११
### (दफा १२ सँग सम्बन्धित)
### गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
### स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवा शुल्कको दर

| सि.नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १. | घर जग्गा नामसारी सिफारिस | २०० | |
| २. | मोही लगत कट्टा सिफारिस | २०० | |
| ३. | घर कायम सिफारिस | २०० | |
| ४. | छात्र बृत्ति सिफारिस | निशुल्क | |
| ५. | विपन्न विद्यार्थी छात्र बृत्ति सिफारिस | १५० | |
| ६. | अपाङ्ग सिफारिस | निशुल्क | |
| ७. | अस्थायी बसोवास सिफारिस | १०० | |
| ८. | स्थायी बसोवास सिफारिस | २०० | |
| ९. | नागरिकता र प्रतिलिपि सिफारिस | ५० र १०० | |

| | | | |
|---|---|---|---|
| १०. | अंगिकृत नागरिकता सिफारिस | ५०० | |
| ११. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निशुल्क | |
| १२. | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १००० | |
| १३. | विद्युत जडान सिफारिस | २०० | |
| १४. | धारा जडान सिफारिस | २०० | |
| १५. | जिवित रहेको सिफारिस | १०० | |
| १६. | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | १०० | |
| १७. | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | ५०० | |
| १८. | व्यवसाय बन्द सिफारिस | १०० | |
| १९. | व्यवसाय संचालन नभएको सिफारिस | १०० | |
| २०. | व्यापार व्यवसाय नभएको सिफारिस | १०० | |
| २१. | कोट फी मिनाहा सिफारिस | निशुल्क | |
| २२. | नावालक परिचयपत्र सिफारिस | १०० | |
| २३. | चौपाय सम्बन्धी सिफारिस | १०० | |
| २४. | व्यवसाय दर्ता सिफारिस | ३०० | |
| २५. | उद्योग ठाउँसरी सिफारिस | ३००० | |
| २६. | विद्यालय ठाउँसरी सिफारिस | १००० | |
| २७. | आन्तरिक बसाईसराई सिफारिस | १०० | |
| २८. | व्यक्तिगत विवरण सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| २९. | जग्गा दर्ता सिफारिस | २०० | |
| ३०. | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० | |
| ३१. | संरक्षक सिफारिस (संस्थागत) | १०० | |
| ३२. | नेपाल सरकारको नाममाबाटो कायम सिफारिस | निशुल्क | |
| ३३. | जिवित संगको नाता प्रमाणित | १०० | |
| ३४. | मृतक संगको नाता प्रमाणित | १०० | |
| ३५. | कोठाखोल्ने कार्य/रोहवरमा वस्ने कार्य | १५० | |
| ३६. | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ३७. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाईपठाउने कार्य | निशुल्क | |
| ३८. | संस्था दर्ता सिफारिस | २०० | |
| ३९. | घरबाटो प्रमाणित | २०० | |
| ४०. | चार किल्ला प्रमाणित | २०० | |
| ४१. | जन्म मिति प्रमाणित | १०० | |
| ४२. | विवाह प्रमाणित | १०० | |
| ४३. | कागज मन्जुरीनामा प्रमाणित | १०० | |
| ४४. | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ४५. | अविवाहित प्रमाणित | १०० | |
| ४६. | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | २०० | |
| ४७. | जग्गा धनीपूर्जा हराएको सिफारिस | १०० | |
| ४८. | पूर्जामा घर कायम गर्ने सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| ४९. | अंग्रेजी सिफारिस तथा प्रमाणित | प्रति पेज २०० | |
| ५०. | मिलापत्र कागज/उजुरी दर्ता | १०० | |
| ५१. | जन्म दर्ता | ५० | |
| ५१. | मृत्यु दर्ता | ५० | |
| ५२. | वसाई सराई आउने/जाने दर्ता | १०० | |
| ५३. | पक्का घरको सर्जिमिन वापत | ५०० | |

## अनुसूची-१२
## (दफा १३ सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पर्यटन शुल्कको दर

१. खाँडादेवी गाउँपालिका भित्र प्रवेश गर्ने आन्तरिक पर्यटकबाट प्रति पर्यटक रु. २५।- (पच्चिस रुपैया) शुल्क लिइनेछ ।

तर, विद्यार्थीहरुलाई पर्यटक शुल्क लिइने छैन ।

२. खाँडादेवी गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने विदेशी पर्यटकबाट प्रति पर्यटक रु. २००।- (दुई सय रुपैया) शुल्क लिइनेछ ।

तर, विद्यार्थीहरुबाट लाग्ने शुल्कको पच्चास प्रतिशत मात्र शुल्क लिइनेछ।

**सभाबाट पारित मितिः २०७४।०३।३०**
**प्रमाणीकरण मितिः २०७४।०४।०१**

**आज्ञाले,**
**दुर्गा कुमारी दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**



मूल्य रू.१०।-

खाँडादेवी गाउँपालिका